**GIDIDAHA ECO-TOURISM PROMOTION & CLIMATE CONFERENCE 2083**

# गिडीदह पर्यटन प्रवर्धन तथा जलवायु सम्मेलन २०८३
# प्रतिवेदन

## *"प्रकृति हेरौ, महसुस् गरौ, पर्या पर्यटन प्रवर्धनमा जुटौ"*

| २०८३ जेठ २९–३१ गते | |
|---|---|
| आयोजक | तातोपानी गाउँपालिका वडा नं. ४, जुम्ला |
| प्रायोजन | **तातोपानी गाउँपालिका** |
| प्रतिबेदन तयार गर्ने | कर्णाली डेभलपमेन्ट को-अपरेशन सर्भिस सोसाइटी (KDCSS), जुम्ल। |
| विशेषता: | पर्यटन प्रर्वधन तथा जैविक विविधता संरक्षण र दिगो विकास |








Gididah 2083: A Sustainable Blueprint for Eco-Tourism and Climate Resilience
Highlights from the Gididah Tourism Promotion & Climate Conference 2083, Jumla, Nepal. Showcasing rare biodiversity, climate vulnerability, and a 14-point declaration for a premier green destination.
ECOLOGICAL TREASURES OF THE GIDIDAH REGION
A Biodiversity Hotspot for Endangered Species
Home to the endangered Red Panda, Musk Deer, and Nepal's national bird, the Danphe.
High-Altitude Geographic Marvel
Features a 3,485m elevation lake uniquely shaped like the Nepali national flag.
Gididah Lake Metrics
Elevation: 3,485 Meters Above Sea Level
Maximum Depth: 42.8 Meters (3rd deepest in Karnali)
Total Length: 1,510 Meters
Danphe
Chiraito
Yarsagumba
Morchella
A Natural Pharmacy of Rare Herbs
Abundant in high-value medicinal plants like Chiraito, Yarsagumba, and Morchella (Guchhi Chyau) mushrooms.
STRATEGIC ROADMAP FOR A SUSTAINABLE FUTURE
Zero-Waste & Plastic-Free Mandate
Implementing a single-use plastic ban and "Zero-Waste" strategy across all trokking trails.
Community-Led Climate Adaptation
Training local youth as "Climate-Guldes" and establishing community-run organic homestays.
Organic District Designation
Transitioning Jumla to a fully organic district by banning chemical fertilizers and pesticides.

# १. सम्मेलनको आयोजना, कार्यविवरण र सहभागिता

गिडीदह पर्यटन प्रवर्धन तथा जलवायु सम्मेलन २०८३ ले गिडीदह क्षेत्रको पर्यावरणीय संरक्षण र पर्यटन विकाससम्बन्धी प्राविधिक छलफललाई स्थानीय तहको सहभागितामूलक कार्यक्रमको रूपमा व्यवहारमा उतार्ने प्रयास गरेको थियो । यस प्रतिवेदनमा सम्मेलनको स्वरूप, उद्घाटन सत्रमा उठेका प्रमुख धारणा, सहभागिता, विकास साझेदारी र जारी घोषणापत्रको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ।

## १.१ कार्यक्रमको स्वरूप र तालिका

सम्मेलन जेठ २९, ३० र ३१ गते गरी तीन दिनसम्म तातोपानी गाउँपालिका वडा नं. ४ स्थित गिडीदह क्षेत्रमा सम्पन्न भयो । सम्मेलन जेठ ३० गते बाजागाजासहित भव्य रूपमा उद्घाटन गरिएको थियो र जेठ ३१ गते सफलतापूर्वक सम्पन्न भएको थियो।

**कार्यक्रम अन्तर्गत समावेश गरिएका प्रमुख गतिविधिहरू:**

- पर्यटन प्रवर्धनका लागि स्थानीय देउडा प्रतियोगिता
- तातोपानी गाउँपालिकाभित्रका माध्यमिक विद्यालयस्तरीय विद्यार्थीहरूका लागि वक्तृत्वकला प्रतियोगिता
- गिडीदह पर्यटन प्रवर्धन तथा जलवायु सम्मेलन घोषणापत्र जारी कार्यक्रम

## १.२ उद्घाटन सत्र र प्रमुख अतिथिहरूका धारणा

उद्घाटन सत्रमा विभिन्न अतिथिहरूले आफ्ना अभिव्यक्तिमा निम्न विषयमा जोड दिनुभयो:

- तातोपानी गाउपालीका को वडा न ४ देखि २३.७ किमी टाढा गिडीदह ताल रहेको र समुद्र सतहबाट करिब ४,२०० मिटर उचाइमा रहेको फुलचाउँल्या पाससहितको सम्पूर्ण क्षेत्र अत्यन्त आकर्षक रहेको; खानेपानी, पशुधन र पर्यटकका लागि यो क्षेत्र अत्यन्त उपयोगी रहेको।
- यस स्थानको आसपासमा पाँचऔले, आक्च्या-चुकिडाँला र यार्सागुम्बा



जस्ता बहुमूल्य वनस्पतिको प्रचुरता रहेको।

- कोही कठिन खन्डको रूपमा फुलचाउँल्या देखि गिडीताल सम्म ८ कि मी मानिन्छ यसमा पनि अझ ४ किमी फुलचाउँल्या देखि झोलुगेपुल सम्म निकै सजकताका साथ यात्रा गर्नुपर्ने रहेको छ।
- ३,४८५ मिटर उचाइमा रहेको दहको किनारमा स्थित धर्मशालाले प्रत्येक आगन्तुकलाई राहत दिने गरेको।
- पर्या-पर्यटनको दिगो विकासका लागि एकीकृत विकास मोडल अपनाउनुपर्ने आवश्यकता रहेको।
- गिडीदहलाई जुम्ला जिल्लाको नयाँ पर्यटकीय गन्तव्यका रूपमा अघि बढाउन सकिने सम्भावना उच्च रहेको यसमा जिल्ला तह देखि सघिय सरकारको साझा ऐक्यबदता रहनु पर्ने आबश्यक ।
- रातोपाण्डालगायत लोपोन्मुख जीवजन्तुको बासस्थान भएको हुनाले गिडीदहलाई विशेष संरक्षित क्षेत्र घोषणा गर्न नेपाल सरकारसमक्ष अनुरोध गर्नुपर्ने आवश्यकता औँल्याइएको।
- सहकार्य, सहयोग र सह-विकासको मोडलमार्फत लोपोन्मुख जीवजन्तुको संरक्षणमा स्थानीय समुदायको महत्त्वपूर्ण दायित्व रहेको

# १.३ सहभागिता

सम्मेलनमा ५५० भन्दा बढी सहभागी रहेका थिए — जसमध्ये ४८ प्रतिशत महिला सहभागी थिइन् ।

| भूमिका | नाम / विवरण |
|---|---|
| अध्यक्षता | तातोपानी गाउँपालिका अध्यक्ष नन्दप्रसाद चैलागाई |
| प्रमुख अतिथि | निवर्तमान मन्त्री श्री माधव चैलागाई |
| विशेष अतिथि | समन्वय प्रमुख |
| अतिथि | निवर्तमान पालिका अध्यक्ष श्री नबराज न्यौपाने |
| अतिथि | प्रहरी उपरीक्षक |
| अतिथि | गैसस महासंघ, जुम्ला अध्यक्ष श्री टेक रावत |
| अतिथि | पत्रकार महासंघ, जुम्ला प्रतिनिधि लगायत सहयोगी संस्थाका प्रमुख तथा प्रतिनिधिहरू |

# १.४ विकास साझेदारी तथा समन्वय

सम्मेलन तातोपानी गाउँपालिकाको नेतृत्वदायी भूमिकामा विभिन्न विकास साझेदार संस्थाहरूको सहकार्यमा सफलतापूर्वक सम्पन्न भयो।

- अध्याध्यान्त इन्भेष्टमेन्ट प्रा लि काठमाण्डु नेपाल
- लग परियोजना तातोपानी गाँउपालिका जुम्ला

- किर्डाक नेपाल (KIRDARC Nepal)
- ग्रामिण परिबेश नेपाल RS जुम्ला
- गैर सरकारी सस्था महासघ जुम्ला
- क्याड नेपाल जुम्ला
- हातेमालो सेवा समाज (KDCSS) जुम्ला

## १.५ सम्मेलन घोषणापत्र

सम्मेलनको समापनमा तातोपानी गाउँपालिकाद्वारा १४ बुँदे घोषणापत्र जारी गरिएको छ – जसले गिडीदह क्षेत्रको पर्यावरणीय संरक्षण, दिगो पर्यटन विकास र जलवायु अनुकूलनसम्बन्धी भावी कार्यदिशालाई संस्थागत रूप दिने अभिप्राय राख्दछ।



## परिचय तथा पृष्ठभूमि

जुम्ला जिल्लाको तातोपानी गाउँपालिका अन्तर्गत वडा नं. ४ मा अवस्थित गिडीदह एक अत्यन्त महत्त्वपूर्ण प्राकृतिक सम्पदा हो । समुद्र सतहबाट ३,४८५ मिटर उचाइमा अवस्थित यो स्थल जैविक विविधता, जलस्रोत र सांस्कृतिक महत्त्वका दृष्टिले अतुलनीय छ । कर्णाली प्रदेशको यो क्षेत्र अझसम्म औपचारिक पर्यटन नक्साबाट बाहिर छ, तर यहाँको प्राकृतिक सम्पत्ति अपार छ।

हिमालय पर्वत श्रृंखलाको फेदमा अवस्थित यस क्षेत्रमा दुर्लभ वन्यजन्तु, लोपोन्मुख चराचुरुङ्गी, बहुमूल्य जडीबुटी र अद्वितीय प्राकृतिक परिदृश्य विद्यमान छन्। जलवायु परिवर्तनको प्रत्यक्ष असर यस क्षेत्रमा पर्दैछ, भने स्थानीय जनसमुदायको जीविकोपार्जनसमेत यिनै प्राकृतिक स्रोतमा निर्भर छ।



फुलचउल्या पाटन



**फुलचाउल्य क्षेत्र**



# ३. गिडीदह क्षेत्रको भौगोलिक तथा पारिस्थितिक विशेषता

## ३.१ भौगोलिक तथ्यांक

| विवरण | तथ्यांक |
|---|---|
| जिल्ला | जुम्ला, कर्णाली प्रदेश |
| गाउँपालिका | तातोपानी गाउँपालिका |
| वडा नम्बर | वडा नं. ४ |
| स्थान | गिडीखोला गाउँको लेक क्षेत्र |
| सतह उचाइ | ३,४८५ मिटर (समुद्र सतहबाट) |
| लम्बाइ | १,५१० मिटर |
| चौडाइ | ३१० मिटर |
| गहिराइ | ४२.८ मिटर (कर्णाली प्रदेशमा तेस्रो गहिरो दह) |
| जलसंग्रह क्षमता | ७,३५,०३२,३९९ घनमिटर |
| न्यूनतम तापक्रम | १ डिग्री सेल्सियस |
| अधिकतम तापक्रम | ८ डिग्री सेल्सियस |
| विशेष गुण | हिउँदमा पानी जम्ने र कालो रंग धारण गर्ने |
| पारिस्थितिक क्षेत्र | उप-हिमाली तथा हिमाली (Sub-alpine & Alpine zone) |
| आकार | नेपाली झन्डा को आकारमा रहेको |
| तातोपानी वडा न ४ वडा कार्यालय देखि गिडीदह को बाटोको लम्बाई | २३.७ कि मी लम्बाई रहेको |

## ३.२ पारिस्थितिक महत्त्व

गिडीदह क्षेत्र तीन प्रमुख पारिस्थितिक संरचनाहरूको संगमस्थल रहेको पाईन्छ:

- उच्च हिमाली चरन क्षेत्र (Alpine Meadows)
- हिमाली कोणधारी वन (Sub-alpine Coniferous Forest)



तालको आसपास रहेका सिमसार क्षेत्र

- हिमाली दह प्रणाली (High Altitude Lake System)

यो संरचना दुर्लभ प्रजातिहरूको बासस्थानका लागि निकै उत्तम मानिन्छ र यस क्षेत्रको पारिस्थितिक महत्त्व छ।

# ४. दुर्लभ तथा लोपोन्मुख वन्यजन्तु

## ४.१ बन्यजन्तु

### ४.१.१ रातो पाण्डा — **Ailurus fulgens**

> IUCN रातो सूचीमा 'संकटापन्न' (Endangered) श्रेणी | नेपाल राष्ट्रिय वन्यजन्तु संरक्षण ऐन, २०२९ अन्तर्गत पूर्ण संरक्षित | CITES — Appendix I






- बासस्थान: निगालोका झाडी भएका मिश्रित कोणधारी वन (२,२०० – ४,८०० मिटर)
- खाद्य आहार: निगालोको पात, जरा, फल, सानो स्तनधारी र चरा
- गिडीदह क्षेत्रमा उपस्थिति: मौसमी आवागमन र स्थायी बसोबास दुवै
- प्रमुख खतरा: बासस्थान विनाश, जलवायु परिवर्तन, अतिक्रमण

### ४.१.२ कस्तुरी मृग — **Moschus chrysogaster**



> IUCN — Endangered | CITES — Appendix I र II | अवैध शिकारको सबैभन्दा बढी लक्षित प्रजाति

- बासस्थान: उच्च हिमाली वन र चरन क्षेत्र (२,५०० – ४,५०० मिटर)
- नाभिमा पाइने कस्तुरी — अत्यन्त महँगो औषधीय तथा सुगन्धित पदार्थ

### ४.१.३ हिमाली थार — **Hemitragus jemlahicus**

- बासस्थान: चट्टान, भिर र उच्च हिमाली चरन (२,५०० – ५,००० मिटर)
- संरक्षण अवस्था: IUCN — Near Threatened
- पारिस्थितिक भूमिका: चरन नियन्त्रण, माटोको स्वास्थ्य र जैविक चक्रमा योगदान



## ४.२ पक्षी विविधता (Birds)

गिडीदह क्षेत्र पक्षी पर्यटन (Bird Watching Tourism) का दृष्टिले उच्च सम्भावना भएको क्षेत्र हो।

| चराको नाम | वैज्ञानिक नाम | IUCN अवस्था |
|---|---|---|
| डाँफे (राष्ट्रिय चरा) | Lophophorus impejanus | Least Concern |
| मुनाल | Lophophorus spp. | Vulnerable |
| लाटो कोसेरो | Gypaetus barbatus | Near Threatened |
| तित्रा | Arborophila spp. | Least Concern |
| च्याखुरा | Alectoris chukar | Least Concern |
| कालिज | Lophura leucomelanos | Least Concern |









# ५. बहुमूल्य जडीबुटी तथा वनस्पति सम्पदा

## ५.१ प्रमुख जडीबुटी प्रजातिहरू

| जडीबुटी | मुख्य प्रयोग / विशेषता | महत्त्व / अवस्था |
|---|---|---|
| रुघासाग | श्वासप्रश्वास, रुघाखोकी र ज्वरोमा प्रभावकारी | परम्परागत चिकित्सामा व्यापक प्रयोग |
| आक्च्या / चुकिडाग्ला | पाचन, जोर्नी दुखाइ, रक्तचाप नियन्त्रण | उल्लेखनीय व्यावसायिक मूल्य |
| सतुबा | शक्तिवर्धक, रोग प्रतिरोधक क्षमता वृद्धि | बहुउपयोगी; जरा र पात दुवै प्रयोग |
| चिराइतो | मधुमेह, कलेजो रोग, ज्वरो; Anti-diabetic | CITES सूचीकृत; अन्तर्राष्ट्रिय उच्च माग |
| गुचीच्याउ | उच्चमूल्य खाद्य ढुसी, वसन्तमा मात्र पाइने | युरोप, अमेरिकामा प्रति किलो उच्च मूल्य |
| घोडामच्चो | परम्परागत उपचार; Ethno-botany अध्ययन | अभिलेखन र संरक्षण आवश्यक |
| ऐरी चुक | परम्परागत उपचार | अभिलेखन र संरक्षण आवश्यक |
| पाखन बेद | परम्परागत उपचार | उल्लेखनीय व्यावसायिक मूल्य |
| सेतकचिनी (ह्याड्च / खिरउलो) | परम्परागत उपचार | उल्लेखनीय व्यावसायिक मूल्य |




आक्च्या / चुकिडाग्ला



**बन लसुन**



**रुघा साग**



**पाचऔले**

| | |
|---|---|
| उच्च व्यावसायिक मूल्य | अत्यधिक र अव्यवस्थित संकलन |
| स्थानीय उद्यमशीलता विकास | बजार पहुँचको अभाव |
| औषधी उद्योगमा कच्चा पदार्थ आपूर्ति | जलवायु परिवर्तनले उत्पादनमा असर |
| पारम्परिक ज्ञानको व्यावसायीकरण | दक्ष जनशक्तिको अभाव |
| इकोट्युरिज्मसँग एकीकरण | कानुनी र नीतिगत जटिलता |

# ६. जलवायु परिवर्तन र गिडीदह क्षेत्रमा यसका प्रभाव

## ६.१ कर्णाली क्षेत्रमा देखिएका जलवायुजन्य समस्याहरू

### हिमाल तथा जलस्रोतमा असर

- कर्णाली क्षेत्रका हिमालहरू तीव्र गतिमा पग्लिँदै गएको

- पानीका मुहानहरू क्रमशः सुक्दै गएको
- उच्च हिमाली सिमसार क्षेत्रको पारिस्थितिक प्रणाली कमजोर बन्दै गएको

### कृषि तथा खाद्य सुरक्षामा खतरा

- जुम्ली मार्सी धान, कोदो, सिमी र स्याउ उत्पादनमा असर — रैथाने बालीको कृषि चक्र बिग्रिएको
- बढ्दो तापक्रम र अनियमित मौसमका कारण कृषि उत्पादकत्व ह्रास
- रासायनिक मल तथा कडा विषादीको अत्यधिक प्रयोगले माटोको उर्वराशक्तिमा क्षति

### जैविक विविधता र वन विनाश



- वन्यजन्तुहरूको बासस्थान संकटमा — चरण क्षेत्र (खर्क) को क्षयीकरण बढ्दो
- बहुमूल्य जडीबुटीको अवैध उत्खनन मौलाउँदो
- वन डढेलोको जोखिम राष्ट्रिय संकटको रूपमा स्थापित

### सामाजिक तथा आर्थिक असर

- जलवायु परिवर्तनको सबैभन्दा बढी मार महिला, बालबालिका, ज्येष्ठ नागरिक र विपन्न वर्गमा
- स्थानीय रोजगारी र आयआर्जनका अवसरमा कमी
- परम्परागत संस्कृति, भेषभूषा र जुम्ली उत्पादनको संरक्षणमा चुनौती

# ६.२ जैविक विविधतामा जलवायुजन्य खतरा

| प्रजाति | जलवायुजन्य खतरा |
|---|---|
| रातो पाण्डा | निगालोको उपलब्धता घटेपछि आहारको संकट |
| कस्तुरी मृग | बासस्थान माथि सर्दा र घटेपछि जनसंख्या दबाब |
| हिमाली थार | चरन क्षेत्रको ह्रास र खाद्यान्न अभाव |
| डाँफे, मुनाल | प्रजनन मौसम र खाद्य उपलब्धतामा असर |
| जडीबुटीहरू | फूल र फल्ने समयमा परिवर्तन, उत्पादन घट्दो |

| प्रजाति | जलवायुजन्य खतरा |
|---|---|
| गुचीच्याउ | तापमान र आर्द्रतामा परिवर्तनले उत्पादनमा असर |

# ७. स्थानीय अनुकूलन र पर्यावरण मैत्री पर्यटन विकास

## ७.१ गिडीदहको पर्यटकीय आकर्षण

| प्राकृतिक आकर्षण | सांस्कृतिक आकर्षण |
|---|---|
| उच्च हिमाली दह (High Altitude Lake) | स्थानीय जुम्ली संस्कृति र परम्परा |
| वन्यजन्तु अवलोकन: रातो पाण्डा, कस्तुरी मृग | पारम्परिक खानपान र जीवनशैली |
| पक्षी अवलोकन: डाँफे, मुनाल, लाटो कोसेरो | ट्रेकिंग: गिडीखोलाका प्राकृतिक पदमार्ग |
| औषधीय वनस्पति भ्रमण | होमस्टे कार्यक्रम |
| फोटोग्राफी पर्यटन | सांस्कृतिक उत्सव र पर्वहरू |

## ७.२ अल्पकालीन रणनीति (१–२ वर्ष)

- गिडीदह क्षेत्रको विस्तृत जैविक विविधता सर्वेक्षण गर्ने
- पर्यटन पूर्वाधार (बाटोको संकेत, विश्रामस्थल, सूचना पाटी) निर्माण गर्ने
- स्थानीय पर्यटन गाइड तालिम कार्यक्रम सञ्चालन गर्ने
- होमस्टे कार्यक्रम सुरु गरी स्थानीयलाई सहभागी गराउने
- पर्यटन ब्रोशर र डिजिटल प्रचार-प्रसार गर्ने



# ७.३ दीर्घकालीन रणनीति (३–१० वर्ष)

- गिडीदह विशेष संरक्षण क्षेत्र (Conservation Area) घोषणाका लागि पहल
- सामुदायिक वन व्यवस्थापन र जडीबुटी प्रशोधन उद्यम स्थापना
- जलवायु अनुसन्धान केन्द्र स्थापना र अनुगमन प्रणाली विकास
- दिगो जडीबुटी उत्पादन र प्रशोधन उद्योग स्थापना

## घोषणा पत्रका प्रतिबद्धताहरू

सम्मेलनमा सहभागी सबैले देहायका सात क्षेत्रमा ठोस प्रतिबद्धता व्यक्त गरेका छन्:

# ८.१ हिमाली जलस्रोत, वन्यजन्तु र सिमसार संरक्षण

- 'गिडीदह संरक्षण गुरुयोजना' निर्माण र कार्यान्वयन गर्ने
- पर्यटकको संख्या र क्षमता निर्धारण गरी नियन्त्रित तथा जिम्मेवार पर्यटन प्रणाली लागू गर्ने
- चरण क्षेत्र (खर्क) को दिगो व्यवस्थापन नीति अवलम्बन गर्ने



# ८.२ वातावरणमैत्री पर्या-पर्यटन प्रवर्द्धन

- गिडीदह र पदमार्ग क्षेत्रलाई 'सिंगल-युज प्लास्टिक निषेधित क्षेत्र' घोषणा गर्ने
- 'शून्य-फोहोर' रणनीति अन्तर्गत जैविक र अजैविक फोहोर व्यवस्थापन गर्ने

- पूर्वाधारमा स्थानीय ढुङ्गा, माटो र काठ जस्ता वातावरणमैत्री सामग्री मात्र प्रयोग गर्ने

# ८.३ स्थानीय रोजगारी, होमस्टे र मौलिक संस्कृति

- सामुदायिक होमस्टे सञ्चालन गरी जुम्ली संस्कृति, भेषभूषा र अर्गानिक खानपानको अनुभव गराउने
- स्थानीय युवाहरूलाई 'क्लाइमेट-गाइड' का रूपमा प्रशिक्षण र रोजगारी दिने
- गिडीदहलाई 'धार्मिक-पर्यावरणीय' गन्तव्यको रूपमा ब्रान्डिङ गर्ने
- जुम्ली उत्पादन (स्याउ, मार्सी धान, सिमी) लाई पर्यटकीय कोसेलीको रूपमा प्रवर्द्धन गर्ने



# ८.४ रैथाने कृषि, खाद्य सुरक्षा र अनुकूलन

- जलवायु-अनुकूल कृषि प्रविधि विकास र कृषि बिमा प्रणाली लागू गर्ने
- रासायनिक मल बन्द गरी कम्पोस्ट/जैविक मल प्रयोग बढाउने
- जुम्लालाई प्राङ्गारिक (Organic) जिल्लाको रूपमा स्थापित गर्ने

# ८.५ वन, जडीबुटी संरक्षण र डढेलो नियन्त्रण

- जडीबुटीको अवैध उत्खनन रोकी दिगो संकलन नीति लागू गर्ने
- वन डढेलो नियन्त्रणका लागि स्थानीय युवा दस्ता परिचालन गर्ने
- परम्परागत दाउरा घटाई सुधारिएको चुलो, जैविक ऊर्जा र इन्डक्सन चुलोमा अनुदान दिने

# ८.६ जलवायु न्याय र त्रि-स्तरीय सरकारबीच समन्वय

- महिला, बालबालिका, ज्येष्ठ नागरिक र विपन्न वर्गका लागि विशेष जलवायु न्याय कार्यक्रम सञ्चालन
- स्थानीय, प्रदेश र संघीय सरकारबीच स्रोत, साधन र नीतिको प्रभावकारी समन्वय सुदृढ गर्ने





**सहभागीहरू**




# ९. सामुदायिक सहभागिता र स्थानीय ज्ञानको महत्त्व

पर्यावरण संरक्षण र दिगो पर्यटन विकासमा स्थानीय जनसमुदायको सहभागिता अपरिहार्य छ । गिडीखोला गाउँका स्थानीय बासिन्दाहरूसँग पुस्तादेखि पुस्तामा हस्तान्तरण भएको परम्परागत ज्ञान (Indigenous Knowledge) अत्यन्त मूल्यवान छ।

- वनस्पति पहिचान र उपयोगको परम्परागत ज्ञान संकलन तथा अभिलेखन
- स्थानीय पर्यटन व्यवस्थापन समिति गठन र सशक्तीकरण
- महिला र युवाहरूलाई पर्यटन उद्यममा प्राथमिकता
- संकलन अधिकार र राजस्व बाँडफाँटको न्यायपूर्ण व्यवस्था
- परम्परागत संरक्षण पद्धतिहरू (देउराल पस्ने, वन हेरालो) को मान्यता र सम्मान






# १०. नीतिगत सिफारिसहरू

| क्र.सं. | नीतिगत सिफारिस | कार्यान्वयन निकाय |
|---|---|---|
| १ | गिडीदह क्षेत्रलाई विशेष संरक्षित क्षेत्र (Protected Area) घोषणा गर्ने | वन तथा वातावरण मन्त्रालय, नेपाल सरकार |
| २ | Ramsar Convention अन्तर्गत गिडीदह दर्ता गराउन पहल गर्ने | तातोपानी गाउँपालिका / प्रदेश सरकार |
| ३ | जडीबुटी संकलन अनुमति पद्धति र राजस्व बाँडफाँट निर्देशिका बनाउने | सामुदायिक वन उपभोक्ता समूह |

| क्र.सं. | नीतिगत सिफारिस | कार्यान्वयन निकाय |
|---|---|---|
| ४ | स्थानीय जलवायु अनुकूलन योजना (LAP) तर्जुमा र कार्यान्वयन | तातोपानी गाउँपालिका |
| ५ | EIA प्रक्रिया अनिवार्य गरी पर्यटन पूर्वाधार मापदण्ड लागू गर्ने | वातावरण विभाग, नेपाल सरकार |
| ६ | Carbon Credit आर्जनका लागि प्रदेश स्तरीय कार्यक्रम निर्माण | कर्णाली प्रदेश सरकार |
| ७ | युवा र महिलाका लागि जलवायु-सम्बन्धी क्षमता विकास तालिम | NGO / INGO / गाउँपालिका |

# तीन तहका सरकारले गर्नुपर्ने कामहरू

## तातोपानी गाउँपालिका

- 'गिडीदह संरक्षण गुरुयोजना' को छ महिनाभित्र मस्यौदा तयार गरी कार्यान्वयन थाल्नु
- सिंगल-युज प्लास्टिक निषेध स्थानीय ऐन जारी गरी कडाइका साथ लागू गर्नु
- जलवायु कार्यक्रमलाई आगामी आर्थिक वर्षकै बजेटमा समावेश गर्नु
- युवा क्लाइमेट-गाइड कार्यक्रमका लागि प्रशिक्षण केन्द्र स्थापना गर्नु

## प्रदेश सरकार

- कर्णाली प्रदेशका उच्च हिमाली सिमसार क्षेत्रको व्यापक संरक्षण नीति तर्जुमा गर्नु
- जुम्लालाई प्राङ्गारिक जिल्लाको आधिकारिक मान्यता दिई अर्गानिक कृषिलाई अनुदान दिनु
- गिडीदहलाई प्रदेश-स्तरीय पर्यटकीय प्राथमिकता क्षेत्रमा समावेश गर्नु

## संघीय सरकार

- गिडीदह सिमसार क्षेत्रलाई बिशेसक्षेत्र घोसणाको  लागि पहल गर्नु
- जलवायु न्यायका लागि लक्षित वर्ग (महिला, विपन्न) मा विशेष कोष विनियोजन गर्नु
- जलवायु परिवर्तन अनुकूलन कार्यक्रम स्थानीय तहमा प्रत्यक्ष रूपमा पुग्ने गरी नीति बनाउनु

## ११. खर्च बिवरण

| क्रस | साझेदार सस्था | व्यहोरेको रकम | खर्च शिर्षक |
|---|---|---|---|
| १ | तातोपानी गाँउपालिका | ५०००००। | पुरस्कार  भेष्ट र बाजा समुह |
| २ | तातोपानी गाँउपालिका वडा न ४ | ५५०००००। | खाना व्यवस्थापन |
| ३ | अध्यान्त इन्भेष्टमेन्ट प्रा लि काठमाण्डु | २०००००। | त्रिपाल टेन्ट व्यानर र मानव स्रोत परिचालन |
| ४ | किर्डाक नेपाल जुम्ला | २०००००। | चिया नास्ता खाजा |
| ५ | लग प्रोजेक्ट तातोपानी गाउपालिका | ५००००। | मानव स्रोत परिचालन |
| ६ | ग्रामीण परिबेश नेपाल | २५०००। | दुर्घटना बिमा झण्डा |
| ७ | क्याड नेपाल | १००००। | स्वागत व्यानर |
| ८ | हातेमालो सेवा समाज | २५०००। | वातावरण बिज्ञ |
| ९ | गैसस महासघ जुम्ला | २५०००। | स्वयसेवक जकेट |
| | **कुल जम्मा** | **१५८५०००।** | **भ्याट कर समेत** |

नोट  दातृ सस्थाहरुको खर्च स्वय सस्थाले खरिद प्रकृया अनुसार भुक्तानी भएको थियो

# १२. निष्कर्ष

गिडीदह क्षेत्र जुम्ला जिल्लाको वातावरणीय, जैविक र सांस्कृतिक सम्पत्तिको एक अमूल्य खजाना हो । रातो पाण्डा, कस्तुरी मृग, हिमाली थार जस्ता दुर्लभ वन्यजन्तु; डाँफे, मुनाल, लाटो कोसेरो जस्ता विशिष्ट पक्षीहरू; र चिराइतो, गुचीच्याउ, सेतोचिनी जस्ता बहुमूल्य जडीबुटीले यस क्षेत्रलाई पर्यावरणीय दृष्टिले अत्यन्त विशिष्ट बनाएका छन्।

तथापि, जलवायु परिवर्तनको बढ्दो खतरा, अव्यवस्थित स्रोत दोहन र संरक्षण संरचनाको अभावले यस अमूल्य सम्पत्ति संकटमा परेको छ । यस सम्मेलनले एक महत्त्वपूर्ण पहल गरेको छ; यहाँबाट निस्केका नीतिगत निष्कर्ष र कार्यान्वयन योजना गिडीदहको भविष्य निर्धारण गर्ने आधार बन्नेछन्।

> पर्यावरण संरक्षण र पर्यटन विकास फरक-फरक विषय होइनन् — दिगो व्यवस्थापनमार्फत दुवै एकसाथ हासिल गर्न सकिन्छ। स्थानीय समुदायको सक्रिय सहभागिता, सरकारी नीतिको समर्थन र वैज्ञानिक ज्ञानको एकीकरणले गिडीदहलाई नेपालको नमुना पर्यावरणीय पर्यटन गन्तव्यका रूपमा स्थापित गर्न सकिन्छ।

यस घोषणापत्रमा उल्लेखित प्रतिबद्धताहरू केवल कागजमा सीमित नराखी गिडीदहको पवित्र भूमि र यहाँको पर्यावरणलाई साक्षी राखी — हाम्रा हिमाल, पानी, संस्कृति र भावी पुस्ताको सुरक्षित भविष्यका लागि दृढतापूर्वक पालना र कार्यान्वयन गर्ने प्रतिज्ञा सम्पूर्ण सहभागीहरूले व्यक्त गरेका छन्।

**जय वातावरण ! जय जलवायु न्याय ! जय पर्या-पर्यटन ! जय गिडीदह !**



# १२. सन्दर्भ तथा स्रोत सामग्री


- IUCN Red List of Threatened Species — www.iucnredlist.org
- नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय — जैविक विविधता प्रतिवेदन
- Department of National Parks and Wildlife Conservation (DNPWC), Nepal
- Himalayan Nature, Bird Conservation Nepal — पक्षी विविधता सर्वेक्षण
- IPCC — Climate Change Reports (AR5, AR6)
- MoEF&CC, EIA Notification 1994 & 2020
- स्थानीय सामुदायिक वन उपभोक्ता समूह, गिडीखोला — अभिलेख
- तातोपानी गाउँपालिका कार्यालय — विकास योजना र तथ्यांक

# गिडीदह पर्यटन प्रवर्द्धन तथा जलवायु घोषणापत्र-२०८३

३० जेष्ठ २०८३ | तदनुसार १३ जुन २०२६, तातोपानी गाउँपालिका-०४, गिडीदह, जुम्ला, तातोपानी गाउँपालिका, जुम्लाको ऐतिहासिक, धार्मिक तथा उच्च हिमाली सिमसार क्षेत्र गिडीदह (समुद्री सतहदेखि ३,४८५ मिटर उचाइ) मा मिति ३० जेष्ठ २०८३ (१३ जुन २०२६) मा एक ऐतिहासिक जलवायु सम्मेलन आयोजना गरिएको थियो। उक्त सम्मेलनमा निम्न वर्गका प्रतिनिधिहरू सहभागी थिए:

- जनप्रतिनिधिहरू,
- जलवायु विज्ञहरू
- नागरिक समाज तथा सरकारी/गैरसरकारी संस्थाका प्रतिनिधिहरू
- उद्यम व्यवसायी तथा कृषकहरू
- बिधार्थि, अभिभावक, शिक्षक, युवा, सञ्चारकर्मी तथा स्थानीय समुदायका प्रतिनिधिहरू

यस सम्मेलनको उद्देश्य गिडीदह लगायत कर्णालीका बहुमूल्य उच्च हिमाली सिमसार क्षेत्रहरूलाई पर्यावरणीय सन्तुलन कायम राख्दै विश्वकै एक उत्कृष्ट हरित पर्यटकीय गन्तव्यको रूपमा विकास गर्ने साझा संकल्प पारित गर्नु थियो।

## विश्लेषण

कर्णाली क्षेत्रमा विश्वव्यापी उष्णता (Global Warming) का कारण निम्न गम्भीर समस्याहरू देखापरेका छन्:

### हिमाल तथा जलस्रोतमा असर

- कर्णाली क्षेत्रका हिमालहरू तीव्र गतिमा पग्लिँदै गएको
- पानीका मुहानहरू क्रमशः सुक्दै गएको
- उच्च हिमाली सिमसार क्षेत्रको पारिस्थितिक प्रणाली कमजोर बन्दै गएको

### कृषि तथा खाद्य सुरक्षामा खतरा

- रैथाने बालीको कृषि चक्र बिग्रिएको — जुम्ली मार्सी धान, कोदो, सिमी र स्याउ उत्पादनमा असर।
- बढ्दो तापक्रम र अनियमित मौसमका कारण कृषि उत्पादकत्व ह्रास।
- रासायनिक मल तथा कडा विषादीको अत्यधिक प्रयोगले माटोको उर्वराशक्तिमा क्षति।

### जैविक विविधता र वन विनाश

- वन्यजन्तुहरूको बासस्थान संकटमा — चरण क्षेत्र (खर्क) हरूको क्षयीकरण बढ्दो।
- बहुमूल्य जडीबुटीको अवैध उत्खनन मौलाउँदो।
- वन डढेलोको जोखिम राष्ट्रिय संकटको रूपमा स्थापित।

### सामाजिक तथा आर्थिक असर

- जलवायु परिवर्तनको सबैभन्दा बढी मार महिला, बालबालिका, ज्येष्ठ नागरिक र विपन्न वर्गमा।
- स्थानीय रोजगारी र आयआर्जनका अवसरमा कमी।
- परम्परागत संस्कृति, भेषभूषा र जुम्ली उत्पादनको संरक्षणमा चुनौती।

सम्मेलनमा सहभागी सबैले देहायका सात क्षेत्रमा ठोस प्रतिबद्धता व्यक्त गरेका छन्:

## हिमाली जलस्रोत, वन्यजन्तु र सिमसार संरक्षण

- 'गिडीदह संरक्षण गुरुयोजना' निर्माण र कार्यान्वयन गर्ने।
- पर्यटकको संख्या र क्षमता निर्धारण गरी नियन्त्रित तथा जिम्मेवार पर्यटन प्रणाली लागू गर्ने।
- चरण क्षेत्र (खर्क) हरूको दिगो व्यवस्थापन नीति अवलम्बन गर्ने।

## वातावरणमैत्री पर्या-पर्यटन प्रवर्द्धन

- गिडीदह र पदमार्ग क्षेत्रलाई 'सिंगल-युज प्लास्टिक निषेधित क्षेत्र' घोषणा गर्ने।
- 'शून्य-फोहोर' रणनीति अन्तर्गत जैविक र अजैविक फोहोर व्यवस्थापन गर्ने।
- पूर्वाधारमा स्थानीय ढुङ्गा, माटो र काठ जस्ता वातावरणमैत्री सामग्री मात्र प्रयोग गर्ने।

## स्थानीय रोजगारी, होमस्टे र मौलिक संस्कृति

- सामुदायिक होमस्टे सञ्चालन गरी जुम्ली संस्कृति, भेषभूषा र अर्गानिक खानपानको अनुभव गराउने।
- स्थानीय युवाहरूलाई 'क्लाइमेट-गाइड' का रूपमा प्रशिक्षण र रोजगारी दिने।
- गिडीदहलाई 'धार्मिक-पर्यावरणीय' गन्तव्यको रूपमा ब्रान्डिङ गर्ने।
- जुम्ली उत्पादन (स्याउ, मार्सी धान, सिमी) लाई पर्यटकीय कोसेलीको रूपमा प्रवर्द्धन गर्ने।

## रैथाने कृषि, खाद्य सुरक्षा र अनुकूलन

- जलवायु-अनुकूल कृषि प्रविधि विकास र कृषि बिमा प्रणाली लागू गर्ने।
- रासायनिक मल बन्द गरी कम्पोस्ट/जैविक मल प्रयोग बढाउने।
- जुम्लालाई प्राङ्गारिक (Organic) जिल्लाको रूपमा स्थापित गर्ने।

## स्थानीय अनुकूलन योजना र नीतिगत प्राथमिकता

- जलवायु कार्यक्रमहरूलाई गाउँपालिका र वडाको वार्षिक बजेटमा अभिन्न अङ्ग बनाउने।
- भौतिक पूर्वाधारहरू वातावरणमैत्री र विपद् प्रतिरोधी प्रविधिमा आधारित गर्ने।

## वन, जडीबुटी संरक्षण र डढेलो नियन्त्रण

- जडीबुटीको अवैध उत्खनन रोकी दिगो संकलन नीति लागू गर्ने।
- वन डढेलो नियन्त्रणका लागि स्थानीय युवा दस्ता परिचालन गर्ने।
- परम्परागत दाउरा घटाई सुधारिएको चुलो, जैविक ऊर्जा र इन्डक्सन चुलोमा अनुदान दिने।

## जलवायु न्याय र त्रि-स्तरीय सरकारबीच समन्वय

- महिला, बालबालिका, ज्येष्ठ नागरिक र विपन्न वर्गका लागि विशेष जलवायु न्याय कार्यक्रम सञ्चालन।
- स्थानीय, प्रदेश र संघीय सरकारबीच स्रोत, साधन र नीतिको प्रभावकारी समन्वय सुदृढ गर्ने।

घोषणापत्रका प्रतिबद्धताहरूको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय सरकारको नेतृत्वमा देहायका कार्य गर्न आवश्यक देखिन्छ।

तातोपानी गाउँपालिकाले 'गिडीदह संरक्षण गुरुयोजना' को मस्यौदा छ महिनाभित्र तयार गरी कार्यान्वयन थाल्नुका साथै सिंगल-युज प्लास्टिक निषेध सम्बन्धी स्थानीय ऐन जारी

गरी कडाइका साथ लागू गर्नु आवश्यक छ। यसका अतिरिक्त, जलवायु कार्यक्रमलाई आगामी आर्थिक वर्षकै बजेटमा समावेश गर्दै युवा क्लाइमेट-गाइड कार्यक्रमका लागि प्रशिक्षण केन्द्र स्थापना गर्नु पनि उत्तिकै अपरिहार्य देखिन्छ।

**प्रदेश सरकारका लागि**

प्रदेश सरकारले कर्णाली प्रदेशका उच्च हिमाली सिमसार क्षेत्रको व्यापक संरक्षण नीति तर्जुमा गर्नुका साथै जुम्लालाई प्राङ्गारिक जिल्लाको आधिकारिक मान्यता दिई अर्गानिक कृषिमा अनुदान प्रदान गर्नु जरुरी छ। साथै, गिडीदहलाई प्रदेश-स्तरीय पर्यटकीय प्राथमिकता क्षेत्रमा समावेश गर्ने निर्णय तत्काल लिनु आवश्यक छ।

**संघीय सरकारका लागि**

संघीय सरकारले गिडीदह सिमसार क्षेत्रलाई बिशेष संरक्षित क्षेत्रमा समावेश गराउन आवश्यक पहल अगाडि बढाउनुका साथै जलवायु न्यायका लागि महिला र विपन्न वर्गलाई लक्षित गरी विशेष कोष विनियोजन गर्नु पर्दछ। यसैगरी, जलवायु परिवर्तन अनुकूलन कार्यक्रम स्थानीय तहमा प्रत्यक्ष रूपमा पुग्ने गरी नीति निर्माण गर्नु अति आवश्यक छ।

**सरोकारवाला निकाय तथा नागरिक समाजका लागि**

सरोकारवाला निकाय तथा नागरिक समाजले वन डढेलो नियन्त्रण र जडीबुटी संरक्षणमा स्थानीय युवा समूहसँग साझेदारी कायम गर्नुका साथै होमस्टे सञ्चालकहरूलाई क्षमता विकास तालिम र बजार जडान सहयोग प्रदान गर्नु आवश्यक देखिन्छ । घोषणापत्रका प्रतिबद्धताहरूको कार्यान्वयन स्थितिको नियमित मूल्याङ्कनका लागि वार्षिक समीक्षा बैठकको आयोजना गर्नु पनि उत्तिकै महत्त्वपूर्ण हुनेछ।

यस घोषणापत्रमा उल्लेखित प्रतिबद्धताहरू केवल कागजमा सीमित नराखी गिडीदहको पवित्र भूमि र यहाँको पर्यावरणलाई साक्षी राखी हाम्रा हिमाल, पानी, संस्कृति र भावी पुस्ताको सुरक्षित भविष्यका लागि दृढतापूर्वक पालना र कार्यान्वयन गर्ने प्रतिज्ञा सम्पूर्ण सहभागीहरूले व्यक्त गरेका छन्।

**अमर बहादुर रोकाया**
**अध्यक्ष**
**तातोपानी गाउपालिका वडा नं ४ जुम्ला**
**मिति २०८३ जेठ ३०**




सम्मेलनको ब्यानर



**"प्रकृति हेरौ, महसुस गरौ, प्रबर्धनमा जुटौ"**

**धन्यवाद**